# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची

५ नं. प्रदेश, नेपाल

पत्र संख्या/Ref. No.: ०७६/७७

चलानी नम्बर/Dispach No.:

मिति/Date: २०७६/१२/२६

विषय : <u>सहयोगको लागि अपिल</u> ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको नोभेल कोरोना भाइरस (COVID-19) को संक्रमणबाट विश्वमा लाखौं मानिसहरु प्रभावित भइसकेका छन भने हजारौं मानिसहरुको मृत्यु समेत भईसकेको छ ।नेपालमा पनि उक्त भाइरस संक्रमणका केही विरामीहरु देखापरेका छन्।सम्भावित संक्रमणको जोखिम रोकथाम, नियन्त्रण गर्ने उद्देश्यले देश बन्दाबन्दी (LOCKDOWN) को अवस्थामा रहेको छ ।यस अवस्थामा पाणिनी गाउँपालिकाले पनि यस महामारीको रोकथाम तथा नियन्त्रणका लागि पूर्वतयारी साथै उपचार समेतको व्यवस्थापन गर्नुपर्ने भएको छ ।सोको लागि पाणिनी गाउँपालिकाले पनि **"कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष"** को स्थापना गरी गाउँपालिकाको नियमित बजेटबाट रु. २५०००००।०० ( अक्षरुपी पच्चीस लाख रुपैयाँ मात्र) जम्मा गर्ने तथा गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारीहरु र शिक्षकहरु समेतबाट (दोहोरो नपर्ने गरी) सहयोग रकम कोषमा जम्मा गर्ने निर्णय भएको जानकारी गराइन्छ ।

आगामी दिनमा नोभेल कोरोना भाइरस (COVID-19) को संक्रमण हुनबाट बचाउन, नियन्त्रण गर्न, उपचार गर्न तथा प्रतिकार्यको साथै असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहाय नागरिकहरुका लागि राहत प्रदान गर्नका निमित्त आर्थिक सहयोग गर्न चाहनुहुने इच्छुक महानुभावहरु, सहकारी संस्था, गैर सरकारी संघ संस्थाहरु लगायतका अन्य निजी क्षेत्रलाई यस गाउँपालिकाको तपसिलको खातामा सहयोग रकम जम्मा गरिदिनुहुन हार्दिक अपिल गर्दछौं ।

<u>तपसिल:</u>

| क्र.सं. | बैंकको नाम | शाखा | खाता नं. | कैफियत |
|---|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक | पोखराथोक अर्घाखाँची | कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष M804010000012 | |

.............................

अच्युत गौतम

अध्यक्ष

अच्युत गौतम
अध्यक्ष